# पन्त समाज नेपालको अपिल

पन्त समाज नेपालले बिगत ७ बर्षदेखि नेपाल राज्यमा बसोबास गर्ने सबै पन्तहरूलाई यस समाजमा आबद्ध गरी भातृत्व आत्मीयता तथा सद्भावको मूलमन्त्र आत्मसात गर्दै पन्तबंशको उत्थान, बंशावली, ईतिहास,संस्कृति आदिको अन्वेषण गरी प्रकाशन समेत गरेर पन्त बिशेषको वास्तविक परिचय गराउने कार्यको साथै सामाजिक कार्य समेत निरन्तररुपमा गरिरहेको बारे सबै पन्त बन्धूहरूमा पुनस्स्मरण गराउछौं । पन्तहरू स्वभावैले दयालु परोपकारी हुने बंशीय गुण भएको र पन्त समाज नेपाल नामक पन्तहरूको यस सामाजिक संस्थासमेत क्रियाशील भैसकेको अबस्थामा गत बैशाख १२ गतेको महाभूकम्प बाट देशमा आईलागेको महाविपत्तिबाट भएको जन धनको क्षतिमा केहि राहत पुगोस भन्ने हेतुले प्रधानमन्त्री राहत कोषमा ५१०००। (एकाउन्न हजार) रुपैयाँ समाजको तर्फ़बाट तत्काल जम्मा गरेका थियौं ।

अबका दिनमा यस समाज मार्फत हाम्रो उत्तरदायित्व नेपाल राज्यमा समय(समयमा आईपर्ने विभिन्न प्रकारका बिपत्तिहरूबाट पिडित हुने परिवारलाई समयमै सहायता गर्ने वित्तीय श्रोत साधन परिचालन गर्ने तर्फ अग्रसर हुनुपर्ने देखिन्छ । तसर्थ बेला बखतमा भैपरी आउने संकट समाधान गर्न र अन्य आबश्यकिय सामाजिक कार्यको लागि समेत प्रयोग गर्नेगरी पन्त समाज सेवा कल्याण कोषमा जम्मा रकमले भ्याएसम्म निम्न कार्यहरूमा खर्च गरिनेछ । रकम सदुपयोग हुने बारे सबैलाई आश्वस्त पार्न चाहन्छौं । हरेक खर्चको हर हिसाब दुरुस्त राखी लेखा परीक्षण गराई सबैमा जानकारी गराईनेछ ।

**प्रस्तावित सहयोगका क्षेत्रहरू**

१. दैबी प्रकोपबाट वा अन्य कारणबाट क्षति भएका पन्तका सांस्कृतिक धरोहरहरूको मर्मत सम्भार गरी पुर्खाले आर्जेको सम्पतिको संरक्षण गर्ने ।

२. पन्तहरू बसोबास गरेका स्थानहरूमा सबै जाति वर्ग तथा संप्रदायलाई लाभ पुग्ने गरी शैक्षिक संस्थाहरूको मर्मत सम्भार गरी पठन पाठनको व्यवस्था मिलाउने ।

३. दैबी प्रकोपका कारण बाट ज्यान गुमाएका पन्तका परिवारलाई राहत स्वरूप केही रकम उपलब्ध गराउने ।

४. दैबी प्रकोपका बाट घाईते भई असक्त भएका व्यक्तिलाई केही रकम सहयोग गर्ने ।

५. प्राकृतिक प्रकोपबाट असहाय भएका बाल (बालिकाहरूको शिक्षा दीक्षामा खर्च गर्ने ।

६. पन्त कुलका आर्थिकरुपमा कम्जोर तर जेहेन्दार बाल-बालिकाहरूलाई एस.एल.सी. परीक्षा उतिर्ण भएसम्म लाग्ने मासिक खर्च व्यक्तिगतरुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्पोन्सर गर्ने ।

७. पन्तहरूको बाहुल्य भएको क्षेत्रमा रक्तदान, सरसफाई तथा सामाजिक सद्भाव बढाउने खालका कार्यहरू गर्ने ।

८. स्कूलका विद्यार्थीहरूलाई ड्रेस, शैक्षिक सामाग्री तथा खेलकूद मनोरन्जनका सामानहरू वितरण गर्ने ।

९. पन्त समाज नेपाल जिल्ला कार्य समिति बाट प्राप्त सुझाबका आधारमा कार्यक्रम तर्जुमा गरि पन्त परिवारलाई राहत सेवा पुऱ्याउने ।

**नोट**

प्राप्त रकम खातामा जम्मा गर्न स्थान विशेषमानै ICFC बित्तिय संस्था बाट कारोबार गर्ने unit को व्यवस्था पनि गरिएकोछ । आफ्नो तर्फ बाट सिधै रकम जम्मा गर्न चाहेमा ICFC बित्तिय संस्थाको पन्त समाज सेवा कल्याण कोष बचत खाता नम्बर ००१००००२२७०७ मा जम्मागरी भौचर पन्त समाज नेपालमा पठाउन सकिनेछ ।

**आयोजक: पन्त समाज नेपाल**

**सम्पर्क फोन ९८५१०३८८३१ (अध्यक्ष ),९८४१३१०५७३ (महासचिव), ९८४१३५७२२६ (कोषाध्यक्ष ), ९८५१०३२४८४ (केन्द्रिय सदस्य)**